चौधरी, निरुज गिरी र कार्याध्यक्षमा वर्षा ठेडी मगर चयन हुनुभएको छ। नगर समिति ३५ सदस्यीय बनेको छ। वाईसिएलका घोराही उपमहानगर अध्यक्ष कुशल बुढाको अध्यक्षता एवं नेकपा माओवादी केन्द्र दाङका संयोजक हरिमान पुन रमेश पुन, जया ठकुरी, रेखा रोना, दलित मुक्ति मोर्चाका जिल्ला सचिव अर्जुन परियारलगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन वाईसिएलका सचिव बलजीत दमाईले गर्नुभएको थियो।

करार...

लिएर तरकारी फलाउनुभएको छ। बाँकी भूमि अधिकार मञ्चमा आबद्ध शान्तिले विगत ६ वर्षदेखि व्यावसायिकरुपमा तरकारी खेती गर्दै आउनुभएको छ। घरखर्च चलाउन तरकारी खेतीलाई माध्यम बनाउनुभएकी शान्ति यस वर्ष करार खेतीमा जोडिएपछि उहांमा थप हौसला थपिएको छ। 'खेती गर्‍यो। तरकारी फलायो। अन्तिममा बचत हुने बेलामा जग्गाको भाडा बुझाउँदा बराबर हुने अवस्था थियो। यसपालि पालिकाले जग्गाको भाडा तिरिदिने भएपछि खुशी लागेको छ'- उहांले भन्नुभयो- 'किसानको परिश्रम, बिउ, मलको हिसाब गर्दा नाफाभन्दा पनि घाटा हुने अवस्था छ। सरकारले थोरै भए पनि हेरिदिएपछि माटोमा काम गर्ने हौसला थपियो।' प्रतिकट्ठा दुई हजारको दरले स्थानीय सरकारले करार खेतीमाफर्त जग्गाको भाडा तिरिदिने सम्झौता पनि गरिसकेको छ। करारखेती कार्यविधि बनाएर गढवा गाउँपालिकाले विपन्न, सीमान्तकृत तथा भूमिहीन किसानलाई सहयोग गर्न थालेको छ। यसपालि गढवाका नौजना किसान र एक समूहलाई करार खेतीको लागि सहयोग गरिएको छ। साढे सात विगाह जग्गामा किसानले करार खेती गरेका हुन्।

लमही र राजपुरले कार्यविधि बनाउने

करार खेतीका लागि लमही नगरपालिका र राजपुर गाउँपालिकाले कार्यविधि बनाउने भएका छन्। कार्यविधि निर्माण गरेर कार्यान्वयनमा गएका राप्ती गाउँपालिका र गढवा गाउँपालिकाले लाभग्राहीको सहभागिता बढाउने गरी कार्यविधि संशोधन गर्ने योजना बनाएका हुन्। बटैया, करार खेती र जग्गा उपयोग सम्बन्धी अन्तर्क्रिया कार्यक्रममा लमही नगरपालिकाका प्रमुख जोगराज चौधरी र राजपुर गाउँपालिकाका अध्यक्ष शरदकुमार बुढाथोकीले करार खेती सञ्चालन गर्न कार्यविधि निर्माण गर्ने प्रतिबद्धता जनाउनुभएको हो। लमही नगरपालिकाका उपप्रमुख लक्ष्मी योगीले करार खेतीसम्बन्धी कार्यविधि बनाएर भूमिहीन किसानलाई आधुनिक खेती प्रविधिमा जोड्ने र खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गराउने प्रतिबद्धता जनाउनुभयो। यस्तै राजपुर गाउँपालिकाले पालिकाभित्र बाँझो जग्गाको एकिन विवरण संकलन गर्ने पनि जनाएको छ। आत्मनिर्भर सेवा केन्द्रले विभिन्न दातृ निकायसँगको सहकार्यमा अनुकूलित तथा उत्थानशील कार्यमार्फत दिगो कृषि र आवाससम्बन्धी परियोजना सञ्चालन गरेको छ। जिल्लाका चार स्थानीय तहमा यी परियोजनाले गत असार महिनादेखि कार्यक्रम कार्यान्वयन गरेको हो।

अनुगमनमा घरलु तथा साना उद्योग कानून बमोजिम कारवाही हुन्छ।

यान्त्रिक कार्यालय

घोराही, दाङ

लिलाम सम्बन्धी सूचना !

बोलपत्र सूचना नं. : MODANG/AUC/01/080/81

प्रथम पटक सूचना प्रकाशित मिति : २०८१।०२।०६ गते

यस कार्यालयको पुरानो उपकरण, सवारी साधनहरु तथा स्क्रेप सामानहरु लिलाम बिक्री गर्नुपर्ने भएकोले प्रथम पटक प्रकाशित मितिले १५ दिनभित्र इच्छुक खरिदकर्ताहरुबाट शिलबन्दी बोलपत्र आह्वान गरिन्छ। जम्मा न्यूनतम मूल्य रु. ८,३६,७५०।०० अक्षरेपी आठ लाख छत्तिस हजार सात सय पचास रुपैयाँ मात्र। अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहोला।

सम्पर्क नं. ९८५७८३५२९०, ९८५७८२६५६७

कार्यालय प्रमुख

श्री बाल विकास माध्यमिक विद्यालय

घोराही-१४, दाङ

शिक्षक आवश्यकता

सूचना प्रकाशित मिति : २०८१।०१।३० गते

यस विद्यालयमा रिक्त रहेको मा.वि. तह संघीय अनुदान कोटामा वि.व्य.स. को मिति २०८१।०१।२८ को निर्णय एवं घोराही उपमहानगरपालिका दाङ घोराहीको मिति २०८१।०१।३० को अनुमती पत्र अनुसार तपसिलमा उल्लेख भए बमोजिम शिक्षक आवश्यक परेकाले इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ।

तपसिल

विज्ञापन नं. १।०८०।८१ **पद** : शिक्षक **तह** : मा.वि.
विषय : गणित **संख्या** : १ जना
परीक्षाको किसिम : लिखित र मौखिक (शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार)
शैक्षिक योग्यता : वि.एड. वा सो सरह **दरखास्त दस्तुर**: २०००।- (दुई हजार)
दरखास्त दिने अन्तिम मिति: २०८१ जेष्ठ १३ गते
संलग्न गर्नुपर्ने कागजात : शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमती पत्रको प्रतिलिपि
उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको **सम्पर्क मिति**: २०८१।०२।१४ गते विद्यालय समयमा
सम्पर्क: ०८२-५६०२५०, ९८४७८३४८३४

प्रधानाध्यापक

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक :
मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालय: घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरु: राप्ती उपत्यका (देउखुरी)-

CamScanner